# मालिका गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### दरबाङ,म्याग्दी

गण्डकी प्रदेश, नेपाल

## नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/१८ गते)

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ को उपदफा २ को ६ बमोजिम २०८२ जेष्ठ मसान्त सम्मको लागि कर संकलन तथा ढुंगा, गिटि, बालुवा रोडा विक्रि गर्ने कार्य ठेक्काबाट गराउनु पर्ने भएकोले यस मालिका गाउँकार्यपालिका कार्यालयले नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ निकाली मालिका गाउँपालिका को कार्यालयले तोकेको दरमा विक्रि गर्ने गरि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्र संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## तपसिल

| सि.नं. | सूचना नं./ठेक्का नं. | ठेक्काको नाम | उत्खनन गर्ने बगर र परिमाण (घन फिट) | | न्युनतम ठेक्का रकम (सेवाशुल्क र मु.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | MRM/GP/MGD/०३/२०८१/८२ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | तोलाबाङ्ग –माथिल्लो र तल्लो ) बगर मालिका गाउँपालिका वडा नं ६ | ६८२९५.१८ | ६१४६५६.६२ | कबोल अङ्कको ५% | १००० |
| २ | MRM/GP/MGD/०४/२०८१/८२ | ढुंगा,गिटि,बालुवा रोडा उत्खनन् संकलन तथा विक्रि वितरण | रानीबास बगर मालिका गाउँपालिका वडा नं ५ | ४४८७९.०१ | ४०३९११.०९ | कबोल अङ्कको ५% | १००० |

### शर्तहरु

१ उल्लिखित बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको नाममा प्रभु बैंक लि. को शाखा कार्यालय दरबाङ्ग म्याग्दीमा रहेको आन्तरिक राजश्व खाता नं.०७५०११०००८४००१३२ मा जम्मा गरेको बैंक भौचरसाथ नविकरण गरेको ठेक्का इजाजत पत्र, मूल्य अभिवृध्दी कर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सुचना प्रकाशित भएको मितिले १५ दिन २०८१/१०/०३ गते सम्म कार्यालय समयभित्र मालिका गाउँकार्यपालिकाको कार्यालय म्याग्दीबाट बोलपत्र खरिद गर्न सकिने छ । तोकिएको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा समेत बोलपत्र खरिद गर्न सकिने छ।

२ बोलपत्र दोस्रो पटक प्रकाशित मितिले १६ औं दिनको १२ बजेभित्र बुझाउनु पर्नेछ । तोकिएको मिति तथा समय भन्दा पछि बुझाएको बोलपत्र स्वीकार गरिने छैन। समयभित्र प्राप्त बोलपत्र १६ औं दिनको २ बजे बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । तोकिएको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनमा उक्त कार्य हुनेछ ।

३. बोलपत्र मान्य हुने अवधि (Bid Validity Period) ९० दिनको हुने छ । बोलपत्र साथ यस कार्यालयको नाममा प्रभु बैंक लि. को शाखा कार्यालय दरबाङ्ग म्याग्दीमा रहेको धरौटी खाता नं ०७५०११०००८४०००३२ मा माथि उल्लिखित धरौटी रकम बापतको रकम जम्मा गरेको बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सो रकम बराबरको १२० दिन म्याद भएको जमानी पत्र (Bid Bond ) पेश गर्नु पर्ने छ।

४. बोलपत्रमा दररेट उल्लेख गर्दा Bill of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट गर्नुपर्ने छ । केरमेट भै अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेट मान्य हुने छ ।

५. दररेट भर्दा मुल्य अभिवृध्दि कर बाहेकको दररेट भर्नु पर्ने छ ।

६. बोलपत्र दाखिला गर्दा सिलवन्दी खामको बाहिर यस कार्यालयको नाममा ठेक्का नं, कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट रुपमा खुलाउनु पर्ने छ ।

७. एक फर्मको नामबाट खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाइने छैन ।

८. नदीजन्य पदार्थहरु नदिलाई नै घाट गद्दी स्थल तोकी निर्धारित स्थानबाट उत्खनन् तथा विक्रि वितरण गर्नुपर्ने छ।

९. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सुचना टांस भएको मितिले ७ दिन भित्र मु.अ. कर दर्ता प्रमाण पत्र र कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम यस कार्यालयको नाममा प्रभु बैंक लि को शाखा कार्यालय दरबाङ्गमा रहेको विभाज्य कोष खाता नं ०७५०११०००८४००१२२ मा जम्मा गरेको बैंक भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।दोस्रो किस्ता ५० प्रतिशतले हुने रकम र उपरोक्त खातामा जम्मा गरेको वैंक भौचर नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सो रकम बराबरको जमानी पत्र (परफमेन्स बन्ड) पेश गरी ठेक्का पट्टा उठाउनु पर्नेछ। पहिलो किस्तामा नै एकमुष्ठ रुपमा कबोल अंकको रकम दाखिला गरेमा कबोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिने छ । साथै ठेक्का कबोल गर्ने फर्मले अग्रीम आयकर र १३% भ्याट रकम भुक्तान गरेको प्रमाण समेत यस कार्यालयमा बुझाउनु पर्ने छ र नियमानुसारका आयकर तथा अन्य कर छुट्टै बुझाउनु पर्ने छ ।

१०. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्त गरिने छ ।

११. नदीहरुको उत्खनन् क्षेत्र र परिमाण, नदिजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा नेपाल सरकारबाट भएका निर्देशनहरु, नेपाल सरकारबाट जारी ढुङगा, गिट्टी तथा वालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, गण्डकी प्रदेश सरकारबाट जारी ढुङगा, गिट्टी, बालुवा उत्खनन् सङ्कलनन् क्रसिङ र बिक्रीवितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाइ व्यवस्थित गर्ने कार्यविध २०७५ , गाउँपालिकाबाट भएका अध्ययन प्रतिवेदन एवं ढुङगा ,गिट्टी, वालुवा उत्खन्न सङ्कलन तथा घाट गद्दी सम्बन्धी मालिका गाउँकार्यपालिकाको कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहने छ ।

१२. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन अनुसार हुने छ ।

१३. यस सम्बन्धमा संघ तथा प्रदेश सरकारबाट माथि उल्लेख गरिए भन्दा फरक निर्देशन प्राप्त भएमा सोही बमोजिम हुने छ ।

१४. विस्तृत जानकारीको लागि यस कार्यालयको website: malikamunmyagdi.gov.np मा समेत हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

# थाइवाङ आधारभूतको ६४ औ वार्षिकोत्सव

रिखार संवाददाता

बेनी, १७ पुष



म्याग्दीको मङ्गला गाउँपालिका-१ मा रहेको थाइवाङ आधारभूत विद्यालयको ६४ औं वार्षिकोत्सव, पुरस्कार वितरण तथा चन्दादाता सम्मान कार्यक्रम बुधबार सम्पन्न भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टकमाया पुर्जा पुनको अध्यक्षता र शिक्षक छकबहादुर पुनको सञ्चालनमा सम्पन्न कार्यक्रममा मङ्गला गाउपालिका-१ कुहुँका वडा अध्यक्ष एकजित रोका प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा विद्यालयलाई सहयोग गर्ने चन्दादाताहरुलाई सम्मान, अतिरिक्त क्रियाकलापमा विजयी विद्यार्थीहरुलाई पुरस्कार वितरणका साथै विद्यार्थी, शिक्षक-कर्मचारी र स्थानीय लालीगुराँस आमा समूहका कलाकारहरुले नृत्य प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा दिपशिखा मावि कुहुँका प्रअ डा. नन्दबहादुर खत्री, शिक्षक बलिभद्र गौतम, विद्यार्थी अभिशेक पुन, अभिभावक किसान पुनले मन्तव्य व्यक्त गर्नुभएको थियो भने प्रअ बाबुराम खत्रीले शैक्षिक, आर्थिक र प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

# श्री जडभरत शालग्राम गण्डकी संस्कृत माध्यमिक विद्यालय

बेनी नगरपालिका-९, गलेश्वर म्याग्दी

गण्डकी प्रदेश नेपाल

प्रथम पटक सूचना प्रकाशित मिति:- २०८१/०९/१६

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

प्रस्तुत विषयको सम्बन्धमा यस विद्यालयमा रित्त रहेको प्रा.वि. तृतीय श्रेणी शिक्षक कोटामा करार नियुक्ती गर्नुभएको भएकोले योग्यता पुगेका १८ वर्ष पूरा भई ४० वर्ष ननाघेका इच्छुक नेपालीहरुबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त आव्हान गरिएको छ । रित नपुगेको र म्याद नाघी आएको निवेदन मान्य हुने छैन् ।

| क्र.स | विज्ञापन नं. | पद | माग संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ० १ - ०८१/०८२ | प्रा वि. तह शिक्षक तृतीय करार | १ | दश जोड दुई वा सो सरह |

आवेदन दस्तुर : ५०० ।(अक्षेरुपी पाँच सय मात्र)

परीक्षाको किसिम : लिखित र अन्तवार्ता ।

आवेदनको अन्तिम मिति : २०८१/१०/०२ गते (विद्यालय समय भित्र)

परिक्षा मिति : आवेदन पेश गर्ने अन्तिम मितिमा जानकारी गराइनेछ ।

तलब सुविधा : नेपाल सरकारको प्रचलित नियमानुसार

आवेदन पेश गर्ने स्थान : जडभरत शालग्राम गण्डकी संस्कृत माध्यमिक विद्यालय, बेनपा-९, गलेश्वर म्याग्दी

निवेदन साथ संलग्न कागजातहरु

हस्तलिखित निवेदन, नेपाली नागरिकता, शैक्षिक योग्यता, तालिम, स्थायी अध्यापन अनुमति-पत्र र निरोगिताको प्रमाणपत्रको प्रतिलिपी ।

नोट : - विज्ञान विषय अध्ययन गरेका तथा अनुभवी उमेद्वारलाई विशेष प्राथमिकता दिइनेछ ।

थप जानकारीका लागि ९८५७६२४२४५, ९८४७७३१४१८, ९८४७६५०४७०

मनोज पौडेल

प्रधानाध्यापक

www.dhaulagirikhabar.com

ईपेपर र ताजा समाचारका लागि